आज मिति २०७२ फागुन ३० गते आईतबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री पशुपति खतिवडा |
| आमन्त्रित | |
| सामुदायिक विकास अधिकृत | श्री अनन्त प्रकाश वस्ती |
| लेखा अधिकृत | श्री राजन कुमार भेटवाल |
| इन्जीनियर | श्री कमल प्रसाद कोईराला |
| ना.सु. | श्री लक्ष्मी राई |
| खरिदार | श्री प्रेम प्रसाद पराजुली |

**निर्णय नं. १** यस मेचीनगर नगरपालिका कार्यालयको स्वामित्वमा रहेको LNT भाडामा लगाउँदा कार्यगत समय (Working Time) ५:०० घण्टाका लागि प्रतिघण्टा रु. १,२००/- ( बारह सय ) ले प्रतिदिन रु. ६,०००/- ( छ हजार मात्र ) का दरले भाडा रकम कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** यस मेचीनगर नगरपालिका कार्यालयको मिति २०७२/११/१२ गते जनसंसद दैनिकमा प्रकासित बालबालिकाहरुको प्रोफाइल निर्माण प्रस्ताव पेश गर्ने बारेको सूचना अनुसार म्यादभित्र पर्न आएका प्रस्तावहरुमा १) सामुदायीक विकास मञ्च, मेचीनगर १० ले मुल्य अभिवृद्धि कर सहित रु.८,१५,८६०/- ( अक्षरेपी रु. आठ लाख पन्ध्रह हजार आठ सय साठ्ठी मात्र ) अङ्क कबोल गरी प्रस्ताव पेश गरेको २) नेशनल फ्युचर फाउण्डेशन बिर्तामोड, झापाले रु.१२,४७,९८५/- ( अक्षरेपी रु. बारह लाख सड्चालीस हजार नौ सय पचासी मात्र ) अङ्क कबोल गरी प्रस्ताव पेश गरेको ३) ग्रामिण विकास मञ्च, मेचीनगर १२ ले रु.५,०१,२००/- ( अक्षरेपी रु. पाँच लाख एक हजार दुई सय मात्र ) अङ्क कबोल गरी प्रस्ताव पेश गरेको र कार्यालयको स्वीकृत लागत अङ्क रु. ५,००,०००/- ( अक्षरेपी रु. पाँच लाख मात्र ) रहेको हुदाँ मिति २०७२/१२/०१ गतेको बोलपत्र मुल्याङ्कन समितिको निर्णय समेतका आधारमा पेश हुन आएका तिनवटै प्रस्तावदाता सारभुत रुपमा प्रभावग्राही नदेखिएको हुदाँ पुनः सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

श्री सुचना ईकाई